किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: १ मिति:२०७४/०३/३०

**भाग-१**

**किस्पाङ गाउँपालिका**

## आर्थिक ऐन, २०७४

**गाउँसभाबाट स्वीकृत मिति: २०७४।०३।३०**

**प्रमाणिकरण मिति: २०७४।०३।३०**

**प्रस्तावना :**

किस्पाङ गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम किस्पाङ गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ। (२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि किस्पाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. **व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाएने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१०. **बहाल विटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

आज्ञाले,
गुरु प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत